# नेपाल गजेट


नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं माघ २१ गते ०८ साल


## भाग ४

### खाद्य तथा भूमि–व्यवस्थामन्त्रालयको सूचना

काठमाडौंतर्फका पोता बुझाउने रैती दुनियाँको सुबिस्ता होस् भन्ना निमित्त यही पौष महीनादेखि पोता असूल तहसील गर्ने काम खुलेको छ। सो पोता बुझाउनुपर्नेहरूले म्याद नाघेमा डबल पोता लाग्ने र जायजात हुनेसमेत ख्याल राखी समयभित्रै पोता बुझाउन आउने काम गर्नुहोला।

### कृषिमन्त्रालयको विज्ञप्ति

०८।१०।१५

यही आगामी फाल्गुन ७ गते प्रजातन्त्र दिवसको समारोहको अवसरमा कृषि तथा पशुपालन र नहरमन्त्रालयले लैनचौरमा गोप्रदर्शनी [ Cow show ] तथा फलफूल र सागपात [ ruit and vegetable show ] को प्रदर्शनीको प्रबन्ध गरी पुरस्कार वितरणसमेत गर्ने प्रबन्ध भएको छ।


गोरखापत्र छापाखानाबाट प्रकाशित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।